नेपाल सरकार

सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फो.नं.
४२०००००
४२००३२३
सिंहदरबार काठमाण्डौं

प.सं. ०७५/७६
च.नं.

# प्रेस विज्ञप्ती

नेपालका विभिन्न ठाउँमा रहेका नदी, खोलाहरु माथि वारपार गर्न अन्य सुरक्षित उपाय नभएको अवस्थामा निर्माण गरिएका सार्वजनिक तुईनलाई झोलुङ्गे पुलले प्रतिस्थापन गर्ने नेपाल सरकारको मिति २०७२/०६/२५ को निर्णय वमोजिम देशभरका तुइनहरूको विवरण संकलन गरी सम्भाव्य भएका १३१ स्थानमा रहेका तुईनहरु मध्ये १०५ वटा तुइनहरू विस्थापन भैसकेको छ । यसै सन्दर्भमा नेपाल सरकारले चालु आ.व. को वजेट वक्तव्यमा तीन वर्ष भित्र सम्भाव्य सवै ठाउँमा झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ ३ अर्व ११ करोड ४० लाख वजेट विनियोजन गरी तुईन विस्थापन कार्यलाई तीव्रता प्रदान गरेको छ । तुईन विस्थापन कार्यलाई सरकारले उच्च प्राथमिकता प्रदान गरी आवश्यक कार्यक्रम अगाडी वढाईरहेको भए तापनि विभिन्न सामाजिक संजाल तथा सञ्चार माध्यमहरुमा आउने गरेको "अझै पनि देशका विभिन्न स्थानमा झोलुङ्गे पुलको अभावमा स्थानीय जनताले तुईनवाटै असुरक्षित तरिकाले नदी वारपार गरिरहेको" भन्ने समाचार प्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

नेपाल सरकारले जारी गरेको सार्वजनिक तुईन प्रतिस्थापन कार्यविधि, २०७३ मा "झोलुङ्गे पुलले प्रतिस्थापन गरेका र दैनिक प्रयोगमा नरहेका सार्वजनिक तुईन स्थानीय तहले हटाउनु पर्ने र सार्वजनिक तुईनको नयाँ निर्माणलाई रोक्का गर्न सार्वजनिक सूचना जारी गर्नु पर्ने एवं सार्वजनिक तुईनको नयाँ निर्माण कार्य कानून विपरित हुने" भन्ने व्यवस्था भएको हुँदा कार्यविधिमा उल्लेख भए वमोजिम संचालनमा रहेका तुईनहरुको विस्थापन गर्नुका साथै नयाँ तुईन निर्माण कार्यमा रोक लगाउने तर्फ ठोस कदम चाल्न सम्वन्धित निकायमा अनुरोध गरिसकिएको छ ।

यस मन्त्रालयवाट तुईन प्रतिस्थापनको लागि प्रारम्भिक चरणमा संकलन गरिएको सर्वेक्षणमा छुट्न गई कुनै स्थानीय तहभित्र वा सीमानामा पर्ने नदी वारपार गर्नका लागि अझै पनि सार्वजनिक तुईनको प्रयोग भैरहेको भए सो स्थानमा झोलुङ्गे पुल निर्माणको लागि सम्बन्धित स्थानीय तह मार्फत यस मन्त्रालयमा लेखी पठाउन अनुरोध छ । यसैगरी, कुनै स्थानमा निजी तथा समुदायवाट निर्माण भई हाल प्रयोगविहिन अवस्थामा रहेका जोखिमयुक्त तुईनहरुलाई आवश्यकता अनुसार स्थानीय प्रशासनको समेत सहयोग लिई अविलम्व हटाउने तर्फ आवश्यक पहल गर्ने सवै स्थानीय तहहरुलाई पत्राचार गरी सकिएको व्यहोरा समेत अनुरोध छ ।

मिति - २०७५/०४/१८

(पुरुषोत्तम नेपाल)
**सहसचिव**
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय